नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७३) काठमाडौं, असार ३१ गते, २०८० साल (अतिरिक्ताङ्क १३

भाग २

नेपाल सरकार

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपालको संविधान बमोजिम सङ्घीय संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

संवत् २०८० सालको ऐन नं. २

<u>आर्थिक वर्ष २०८०/०८१ को सेवा र कार्यको लागि सङ्घीय सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>

<u>प्रस्तावना:</u> आर्थिक वर्ष २०८०/८१ को सेवा र कार्यको लागि सङ्घीय सञ्चित कोषबाट व्यय हुने रकम विनियोजन गर्ने र खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "विनियोजन ऐन, २०८०" रहेको छ।

(२) यो ऐन संवत् २०८० साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०८०/८१ को निमित्त सङ्घीय सञ्चित कोषबाट खर्च गर्ने अधिकारः** आर्थिक वर्ष २०८०/८१ को निमित्त अनुसूची-१ बमोजिम सङ्घीय सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यका निमित्त सोही अनुसूचीको महल ४ मा उल्लिखित चालू खर्च, महल ५ मा उल्लिखित पुँजीगत खर्च र महल ६ मा उल्लिखित वित्तीय व्यवस्थाको रकम समेत गरी महल ७ मा उल्लिखित जम्मा रकम रु. १४,२०,३४,६६,००,०००।- (अक्षेरेपि चौध खर्ब बीस अर्ब चौंतीस करोड छैसठ्ठी लाख) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सङ्घीय सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजनः** (१) यस ऐनद्वारा सङ्घीय सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/८१ को लागि अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको लागि विनियोजन गरिनेछ।

(२) उपदफा (१) बमोजिम अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यका निमित्त विनियोजन गरेको रकममध्ये कुनै अनुदान सङ्केतमा बचत हुने र कुनै अनुदान सङ्केतमा अपुग हुने देखिएमा नेपाल सरकार, अर्थ मन्त्रालयले बचत हुने अनुदान सङ्केतबाट अपुग हुने अनुदान सङ्केतमा रकमान्तर गर्न सक्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (२) बमोजिम रकमान्तर गर्दा जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी अनुदान सङ्केतबाट अर्को एक वा एकभन्दा बढी अनुदान सङ्केतमा रकमान्तर गर्न, निकासा र खर्च लेख्न, चालू तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकमान्तर गर्न सकिनेछ।

तर,

(क) एउटै अनुदान सङ्केत भित्रका बजेट शीर्षक वा उपशीर्षकमा रकमान्तर गर्दा जतिसुकै रकम रकमान्तर गर्न सकिनेछ।

(ख) पुँजीगत खर्च शीर्षकमा विनियोजित रकम वित्तीय व्यवस्था अन्तर्गत वित्तीय लगानी र आन्तरिक तथा बाह्य ऋणको साँवा र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ रकमान्तर गर्न सकिने छैन ।

(ग) वित्तीय व्यवस्थातर्फ विनियोजित रकम आन्तरिक तथा बाह्य ऋणको साँवा र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ रकमान्तर गर्न र वित्तीय व्यवस्था अन्तर्गत आन्तरिक तथा बाह्य ऋणको साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र रकमान्तर गर्न सकिने छैन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) प्रदेश तथा स्थानीय तहका लागि अनुदान सङ्केत ७०१ र ८०१ मा विनियोजन भएको वित्तीय समानीकरण अनुदान रकम अन्य अनुदान सङ्केतमा रकमान्तर हुने छैन।

(५) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान सङ्केत ५०१ देखि ६०२ सम्म विनियोजन भएको रकम जुन अनुदान सङ्केतमा निकासा र खर्च हुने हो सोही अनुदान सङ्केतमा रकमान्तर गर्न तथा निकासा र खर्च लेख्न बाधा पर्ने छैन।

४. <u>**अन्तर-सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्थाः**</u> (१) अनुदान सङ्केत ७०१ को रकम प्रदेशले कानून बमोजिम खर्च गर्न पाउने गरी अनुदानको रुपमा प्रदेश सञ्चित कोषमा हस्तान्तरण गरिनेछ।

(२) अनुदान सङ्केत ८०१ को रकम स्थानीय तहले कानून बमोजिम खर्च गर्न पाउने गरी अनुदानको रूपमा स्थानीय सञ्चित कोषमा हस्तान्तरण गरिनेछ।

(३) उपदफा (१) र (२) बमोजिमको रकम मध्ये वित्तीय समानीकरण अनुदानको एकचौथाइले हुन आउने रकम महालेखा नियन्त्रक कार्यालयले सम्बन्धित सञ्चित कोषमा प्रत्येक वर्षको भाद्र २ गते, कात्तिक २ गते, माघ २ गते र वैशाख २ गते गरी चार किस्तामा हस्तान्तरण गर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि मुलुकमा विपद्, कुनै असामान्य परिस्थिति वा अन्य कुनै कारणबाट अनुमान अनुसार राजस्व सङ्कलन हुन नसकेमा उपदफा (३) बमोजिमको वित्तीय समानीकरण अनुदानको पहिलो किस्ता बाहेक अन्य किस्ता सङ्कलित राजस्वको लक्ष्य र सो को

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुपातको आधारमा नेपाल सरकारले पुनः निर्धारण गरी हस्तान्तरण गर्न सक्नेछ।

(५) उपदफा (३) र (४) बमोजिम वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण प्रदेश तथा स्थानीय तहले प्रत्येक आर्थिक वर्षको कात्तिक १ गते, माघ १ गते, वैशाख १ गतेभित्र र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको साउन मसान्तभित्र तथा उपदफा (३) बमोजिम नेपाल सरकारबाट हस्तान्तरण भएको रकमको खर्च विवरण नेपाल सरकारले निर्धारण गरेको समयमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा बुझाउनु पर्नेछ।

(६) उपदफा (५) बमोजिमको विवरण प्राप्त नभएसम्म वित्तीय समानीकरण अनुदान बापतको बाँकी रकम प्रदेश वा स्थानीय तहको सञ्चित कोषमा हस्तान्तरण गरिने छैन।

(७) उपदफा (१) र (२) बमोजिमको अनुदान रकममध्ये सशर्त अनुदान रकमको एकतिहाइले हुन आउने रकम महालेखा नियन्त्रक कार्यालयले सम्बन्धित प्रदेश वा स्थानीय तहको सञ्चित कोषमा प्रत्येक वर्षको भाद्र २ गते हस्तान्तरण गर्नेछ।

(८) प्रदेश तथा स्थानीय तहले सशर्त अनुदान बापत हस्तान्तरण भएको रकम जुन विषय क्षेत्रको योजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही योजना वा कार्यक्रमको लागि मात्र खर्च गर्ने गरी कार्यान्वयन हुने अवधि, कार्यान्वयनको प्रकृया, खर्चको अनुमान सहितको कार्ययोजना, मासिक नगद प्रवाहको विवरण र सम्बन्धित प्रदेश सभा, गाउँ सभा वा नगर सभाले पारित गरेको राजस्व र व्ययको अनुमान साउन

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मसान्तभित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा बुझाउनु पर्नेछ।

(९) उपदफा (८) बमोजिम कार्ययोजनाको भौतिक प्रगति तथा खर्च भएको रकमको विवरण प्रदेश तथा स्थानीय तहले प्रत्येक आर्थिक वर्षको मङ्सिर १५ गते, चैत १५ गते, असार १५ गतेभित्र र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको साउन मसान्तभित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा बुझाउनु पर्नेछ।

(१०) उपदफा (९) बमोजिमको खर्चको विवरणको आधारमा महालेखा नियन्त्रक कार्यालयले उपदफा (७) बमोजिम प्रदेश वा स्थानीय तहमा हस्तान्तरण भएको सशर्त अनुदानको रकम समायोजन गरी बाँकी रकम सोधभर्ना निकासा दिनु पर्नेछ।

(११) नेपाल सरकारले स्वीकृत गरेको कार्यविधि बमोजिम महालेखा नियन्त्रक कार्यालयले प्रदेश वा स्थानीय तहलाई समपूरक र विशेष अनुदान रकम हस्तान्तरण गर्नु पर्नेछ।

(१२) सशर्त, समपूरक र विशेष अनुदानको रकम आर्थिक वर्षभित्र खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सम्बन्धित प्रदेश तथा स्थानीय तहले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमार्फत आर्थिक वर्ष समाप्त भएको १५ दिनभित्र सङ्घीय सञ्चित कोषमा फिर्ता दाखिल गर्नु पर्नेछ।

(१३) उपदफा (१२) बमोजिम बचत रकम फिर्ता दाखिल नभएमा महालेखा नियन्त्रक कार्यालयले आगामी आर्थिक वर्षमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान वा राजस्व बाँडफाँटको रकमबाट कट्टा गरी समायोजन गर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१४) उपदफा (१२) बमोजिम अघिल्लो आर्थिक वर्षको सङ्घीय सञ्चित कोषमा फिर्ता दाखिल गर्नु पर्ने बचत रकम फिर्ता नगरेमा महालेखा नियन्त्रक कार्यालयले आगामी आर्थिक वर्षमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान वा राजस्व बाँडफाँटको रकमबाट कट्टा गरी समायोजन गर्नेछ।

५. <u>योजना वा कार्यक्रम कार्यान्वयन सम्बन्धी विशेष व्यवस्थाः</u> (१) यस ऐन बमोजिम नेपाल सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै योजना वा कार्यक्रम प्रदेश तथा स्थानीय तह मार्फत कार्यान्वयन गर्नु पर्ने भएमा नेपाल सरकारको सम्बन्धित मन्त्रालयले प्रदेश तथा स्थानीय तहबाट कार्यक्रम कार्यान्वयन गर्ने गरी निर्णय गर्नु पर्नेछ।

(२) यस ऐन बमोजिम प्रदेश तथा स्थानीय तहमा सशर्त अनुदान मार्फत हस्तान्तरण भएका योजना वा कार्यक्रम कार्यान्वयनका लागि थप रकम माग गर्दा नेपाल सरकारको सम्बन्धित मन्त्रालय मार्फत माग गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम थप रकम माग भई आएमा नेपाल सरकार, अर्थ मन्त्रालयले त्यस्तो योजना वा कार्यक्रमको प्रगतिको आधारमा थप रकम उपलब्ध गराउन सक्नेछ। त्यसरी थप निकासा भएको रकम सम्बन्धित प्रदेश तथा स्थानीय तहको वार्षिक बजेटमा समावेश गरी सम्बन्धित प्रदेश सभा, गाउँ सभा वा नगर सभाबाट अनुमोदन गराई लेखाङ्कन तथा प्रतिवेदन गर्नु पर्नेछ।

(४) यो ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश तथा स्थानीय तहको बजेट तथा कार्यक्रममा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

समावेश भएको पुँजीगत तर्फको कुनै योजना तथा कार्यक्रम प्रदेश र स्थानीय तहले नेपाल सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिई त्यस्तो योजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने निर्णय गर्न सक्नेछ।

(५) उपदफा (१), (३) र (४) बमोजिमको निर्णयको जानकारी नेपाल सरकारको सम्बन्धित मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, सम्बन्धित प्रदेश तथा स्थानीय तह, सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।

(६) उपदफा (१) बमोजिम प्रदेश तथा स्थानीय तहले कार्यान्वयन गर्ने वा उपदफा (३) बमोजिम थप रकम उपलब्ध गराउने निर्णय प्राप्त भएमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले सो निर्णयलाई खर्च गर्ने अख्तियारी मानी नेपाल सरकारको एकल खाता कोष प्रणालीमा सम्बन्धित प्रदेश वा स्थानीय तहको कार्यालयलाई सङ्घीय निकायको रुपमा मन्त्रालयगत बजेट सूचना प्रणालीमा कार्यालय कोड दिई सोही कोडबाट प्रचलित सङ्घीय कानून बमोजिम रकम निकासा दिनु पर्नेछ।

(७) उपदफा (४) बमोजिम नेपाल सरकारको सम्बन्धित कार्यालय मार्फत योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने निर्णय प्राप्त भएमा प्रदेशको योजना तथा कार्यक्रमको हकमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले सो निर्णयलाई खर्च गर्ने अख्तियारी मानी सम्बन्धित प्रदेश

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मन्त्रालयगत बजेट सूचना प्रणालीमा नेपाल सरकारको सम्बन्धित कार्यालयलाई प्रदेश निकायको रुपमा कार्यालय कोड दिई रकम निकासा दिनु पर्नेछ।

(८) उपदफा (४) बमोजिम स्थानीय तहको योजना तथा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने निर्णय भएमा स्थानीय तहले सङ्घीय निकायको नाममा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा रहेको विविध खातामा जम्मा हुने गरी निकासा दिनु पर्नेछ।

६. <u>लेखाङ्कन, प्रतिवेदन तथा आन्तरिक लेखापरीक्षण सम्बन्धी व्यवस्थाः</u> (१) यस ऐन बमोजिम एक तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै योजना वा कार्यक्रम अर्को तहबाट कार्यान्वयन गर्दा रकम विनियोजन भएको तहको खर्च इकाईको रुपमा प्रचलित सङ्घीय कानूनले तोके बमोजिमको लेखा राखी आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम योजना वा कार्यक्रम कार्यान्वयन गर्ने तहले आर्थिक विवरण तयार गरी प्रमाणित गराई सुरु विनियोजन भएको तहमा पठाउनु पर्नेछ।

(३) नेपाल सरकारबाट सशर्त अनुदान अन्तर्गतको वैदेशिक स्रोत समावेश भएका कुनै योजना वा कार्यक्रम प्रदेश तथा स्थानीय तहले कार्यान्वयन गर्ने गरी वित्तीय हस्तान्तरण गर्दा बजेटको स्रोत र भुक्तानी विधि समेत खुलाई पठाउनु पर्नेछ। यसरी प्राप्त भएको वैदेशिक स्रोतको रकम सम्बन्धित प्रदेश तथा स्थानीय तहले वार्षिक बजेट तथा कार्यक्रममा सोही बमोजिमको स्रोत कायम गरी कार्यान्वयन गर्नु पर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) प्रदेश वा स्थानीय तहले उपदफा (३) बमोजिमको सहायता परिचालन गर्दा सम्झौतामा निर्दिष्ट गरेको ढाँचामा निर्धारित समयभित्र नेपाल सरकारको सम्बन्धित मन्त्रालय, सम्बन्धित सोधभर्ना माग गर्ने निकाय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको प्रतिवेदन पेश नभएको कारणबाट खर्च भएको रकम सोधभर्ना प्राप्त हुन नसकेमा सो बराबरको रकम सम्बन्धित प्रदेश तथा स्थानीय तहमा आगामी आर्थिक वर्षमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानबाट कट्टा गरी हिसाब मिलान गरिनेछ।

७. **वित्तीय अनुशासन सम्बन्धी व्यवस्थाः** (१) प्रदेश तथा स्थानीय तहले सङ्कलन गरेको राजस्व र यस ऐन तथा प्रचलित कानून बमोजिम प्राप्त गरेको राजस्व बाँडफाँट तथा वित्तीय हस्तान्तरण बापतको रकम कानून बनाई खर्च गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कानून बनाउँदा देहायका विषयलाई पालना हुने गरी बनाउनु पर्नेछः–.

(क) नेपाल सरकारको आर्थिक र वित्तीय नीति अनुशरण गर्ने,

(ख) सबै आय आफ्नो सञ्चित कोषमा दाखिल गर्ने,

(ग) अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनमा मात्र खर्च गर्ने,

(घ) पुँजीगत खर्चतर्फ विनियोजित रकम चालू खर्चमा रकमान्तर नगर्ने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा अन्य प्रचलित सङ्घीय कानूनले निर्दिष्ट गरे बमोजिमको आय व्ययको वर्गीकरण, लेखाङ्कन तथा प्रतिवेदन प्रणाली लागू गर्ने।

(३) यस ऐन बमोजिम विनियोजन भएको रकम खर्च गर्ने सम्बन्धमा नेपाल सरकार, अर्थ मन्त्रालयले आवश्यक मार्गदर्शन जारी गर्न सक्नेछ।

८. **अख्तियारी तथा कार्यक्रम स्वीकृति सम्बन्धी व्यवस्था:** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजन भएको रकम प्रचलित कानूनको अधीनमा रही खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको दिनदेखि अधिकारप्राप्त अधिकारीलाई हुनेछ।

(२) उपदफा (१) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा कोष तथा लेखा नियन्त्रक कार्यालयले सम्बन्धित निकायलाई विनियोजन भएको रकम निकासा दिनेछ।

(३) कुनै निकायलाई एक भन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा विनियोजन भएको निकायको प्रमुखले संवत् २०८० साल असोज मसान्तभित्र विनियोजन भएको सम्पूर्ण रकम खर्च गर्ने निकायलाई बाँडफाँट गरी त्यसको जानकारी नेपाल सरकार, अर्थ मन्त्रालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ। सो समयावधिभित्र बाँडफाँट नभएमा नेपाल सरकार, अर्थ मन्त्रालयले त्यस्तो रकम रोक्का राख्न सक्नेछ।

(४) उपदफा (३) बमोजिमको बाँडफाँटबाट रकम प्राप्त गर्ने निकायको प्रमुखलाई त्यस्तो रकम खर्च गर्न अख्तियारी प्राप्त भएको मानिनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रमलाई बजेट कार्यान्वयन गर्ने प्रयोजनको लागि स्वीकृत कार्यक्रम मानिनेछ।

(६) उपदफा (५) बमोजिम मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कुनै कार्यक्रम संशोधन गर्नु पर्ने भएमा सम्बन्धित निकायले नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिई संशोधन गर्न सक्नेछ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको एउटै अनुदान सङ्केत भित्रको कार्यक्रममा नेपाल सरकारको स्रोत तर्फ सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतले देहाय बमोजिम कार्यक्रम संशोधन तथा रकमान्तर गर्न सक्नेछः-

(क) एकै बजेट उपशीर्षकभित्रको भइरहेको क्रियाकलापको परिमाणात्मक लक्ष्य थप घट र त्रैमासिक विभाजन गर्ने गरी कार्यक्रम संशोधन गर्न,

(ख) खण्ड (क) बमोजिम कार्यक्रम संशोधन गर्दा रकमान्तर गर्नु पर्ने भएमा स्रोत परिवर्तन नहुने गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २० को उपदफा (२) को अधीनमा रही थप हुने खर्च शीर्षकको सुरु विनियोजनको पच्चीस प्रतिशतसम्म रकमान्तर गर्न।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(८) यस दफा बमोजिम सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतले कार्यक्रम संशोधन तथा रकमान्तर गर्नु पर्ने भएमा देहायको खर्च शीर्षकभित्र रही कार्यक्रम संशोधन तथा रकमान्तर गर्नु पर्नेछः-

क्रम सङ्ख्या	**खर्च सङ्केत**	**खर्च शीर्षक**
१	२२२११	इन्धन (पदाधिकारी)
२	२२२१२	इन्धन (कार्यालय प्रयोजन)
३	२२२१३	सवारी साधन मर्मत खर्च
४	२२२१४	बीमा तथा नवीकरण खर्च
५	२२२२१	मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च
६	२२२३१	निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च
७	२२२९१	अन्य सम्पत्तिको सञ्चालन तथा सम्भार खर्च
८	२२३११	मसलन्द तथा कार्यालय सामग्री
९	२२३१२	पशुपन्छीहरूको आहार
१०	२२३१३	पुस्तक तथा सामग्री खर्च
११	२२३१४	इन्धन-अन्य प्रयोजन
१२	२२३१५	पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च
१३	२२३१९	अन्य कार्यालय सञ्चालन खर्च
१४	२२५११	कर्मचारी तालिम खर्च
१५	२२५१२	सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च
१६	२२५२१	उत्पादन सामग्री/सेवा खर्च
१७	२२६११	अनुगमन, मूल्याङ्कन खर्च
१८	२२६१२	भ्रमण खर्च

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

क्रम सङ्ख्या	**खर्च सङ्केत**	**खर्च शीर्षक**
१९	२२६१९	अन्य भ्रमण खर्च
२०	२२७११	विविध खर्च

(९) उपदफा (६), (७) र (८) बमोजिमको कार्यक्रम संशोधन तथा रकमान्तर सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतले मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट गराउनु पर्नेछ।

(१०) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एकै अनुदान सङ्केतभित्रका एकभन्दा बढी बजेट उपशीर्षकमा बाँडफाँट भएको देहायका एकै खर्च शीर्षकको रकम एक बजेट उपशीर्षकबाट घटाई अर्को बजेट उपशीर्षकमा थप गर्नु पर्ने भएमा र एउटै बजेट उपशीर्षक अन्तर्गत एकै खर्च शीर्षकको रकम एक निकायबाट घटाई अर्को निकायमा थप गर्नु पर्ने भएमा मन्त्रालयगत बजेट सूचना प्रणालीमा रोक्का राखी (सोही आधारमा क्रियाकलाप परिवर्तन नगरी) खर्च शीर्षकमा स्वीकृत दरबन्दीभित्र रही सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतले रकमान्तर तथा कार्यक्रम संशोधन गर्न सक्नेछः-

क्रम सङ्ख्या	**खर्च सङ्केत**	**खर्च शीर्षक**
१	२११११	पारिश्रमिक कर्मचारी
२	२१११२	पारिश्रमिक पदाधिकारी
३	२११२१	पोशाक
४	२११२२	खाद्यान्न
५	२११२३	औषधि उपचार खर्च

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

क्रम सङ्ख्या	खर्च सङ्केत	खर्च शीर्षक
६	२११३१	स्थानीय भत्ता
७	२११३२	महङ्गी भत्ता
८	२१२१२	योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च
९	२१२१३	योगदानमा आधारित बिमा कोष खर्च

९. **<u>निर्देशिका, कार्यविधि, मापदण्ड वा मार्गदर्शन बनाउन सक्नेः</u>** (१) यस ऐनको कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक निर्देशिका, कार्यविधि, मापदण्ड वा मार्गदर्शन बनाउन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्वीकृत वार्षिक कार्यक्रममा समावेश भई रकम विनियोजन भएका कार्यक्रमको कार्यान्वयनको लागि आवश्यक पर्ने देखिएमा नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिई नेपाल सरकारको सम्बन्धित मन्त्रालयले कार्यविधि बनाउन सक्नेछ। त्यस्तो कार्यविधि स्वीकृत भएको सात दिनभित्र सम्बन्धित मन्त्रालयको वेबसाइटमा राख्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको निर्देशिका, कार्यविधि तथा मापदण्ड नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

१०. **<u>आवश्यक व्यवस्था गर्न सक्नेः</u>** (१) यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा नेपाल सरकारले आदेश जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेश नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-१
(दफा २ सँग सम्बन्धित)
नेपालको संविधान बमोजिम
सङ्घीय सञ्चित कोषमाथि व्ययभार हुने रकम

(रु.लाखमा)

१	२	३	४	५	६
क्र.सं.	**अनुदान सङ्ख्या**	**शीर्षकको नाम**	**चालु खर्च**	**वित्तीय व्यवस्था**	**जम्मा**
१	१०१	राष्ट्रपति	७२	०	७२
२	१०२	उपराष्ट्रपति	६६	०	६६
३	१०३	प्रदेश प्रमुखहरु	३०६	०	३०६
४	२०२	सङ्घीय संसद	२७५	०	२७५
५	२०४	अदालत	७५९	०	७५९
६	२०६	अख्तियार दुरुपयोग अनुसन्धान आयोग	१२४	०	१२४
७	२०८	महालेखा परीक्षकको कार्यालय	३१	०	३१
८	२१०	लोक सेवा आयोग	१०३	०	१०३
९	२१२	निर्वाचन आयोग	९२	०	९२
१०	२१४	राष्ट्रिय मानव अधिकार आयोग	८२	०	८२
११	२१८	न्याय परिषद्	४७	०	४७
१२	२२०	राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग	१२८	०	१२८
१३	२२२	राष्ट्रिय महिला आयोग	८८	०	८८
१४	२२४	राष्ट्रिय दलित आयोग	९०	०	९०
१५	२२६	राष्ट्रिय समावेशी आयोग	७४	०	७४
१६	२२८	आदिवासी जनजाति आयोग	७५	०	७५
१७	२३०	मधेशी आयोग	७४	०	७४
१८	२३२	थारू आयोग	७७	०	७७
१९	२३४	मुस्लिम आयोग	८५	०	८५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०	५०२	अर्थ मन्त्रालय- आन्तरिक ऋण भुक्तानी	९३२३००	१८२५५७४	२७५७८७४
२१	५०३	अर्थ मन्त्रालय- वैदेशिक ऋण भुक्तानी (बहुपक्षीय)	८२१९८	३३०५०७	४१२७०५
२२	५०४	अर्थ मन्त्रालय- वैदेशिक ऋण भुक्तानी (द्विपक्षीय)	३९३६०	९५६६८	१३५०२८
२३	६०२	अर्थ मन्त्रालय- विविध	१४००	०	१४००
		जम्मा	**१०५७९०६**	**२२५१७४९**	**३३०९६५५**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-२

(दफा २ र ३ सँग सम्बन्धित)

सङ्घीय सञ्चित कोषबाट विनियोजन हुने रकम

(रु.लाखमा)

१	२	३	४	५	६	७
क्र.सं.	अनुदान सङ्ख्या	शीर्षकको नाम	चालु खर्च	पुँजीगत	वित्तीय व्यवस्था	जम्मा
१	१०१	राष्ट्रपति	११९३	१४०	०	१३३३
२	१०२	उपराष्ट्रपति	४२०	१८	०	४३८
३	१०३	प्रदेश प्रमुखहरु	१७४१	६२	०	१८०३
४	२०२	सङ्घीय संसद	११८१४	१५०	०	११९६४
५	२०४	अदालत	५१५२३	२३४२९	०	७४९५२
६	२०६	अख्तियार दुरुपयोग अनुसन्धान आयोग	१३८९१	१२८६	०	१५१७७
७	२०८	महालेखा परीक्षकको कार्यालय	६२३७	१११	०	६३४८
८	२१०	लोक सेवा आयोग	८३७०	९९	०	८४६९
९	२१२	निर्वाचन आयोग	४९३६	१०५०	०	५९८६
१०	२१४	राष्ट्रिय मानव अधिकार आयोग	२७३७	२३	०	२७६०
११	२१८	न्याय परिषद्	४५७	१५	०	४७२
१२	२२०	राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग	७८५	१७	०	८०२
१३	२२२	राष्ट्रिय महिला आयोग	८२२	१३	०	८३५
१४	२२४	राष्ट्रिय दलित आयोग	२४३	९	०	२५२
१५	२२६	राष्ट्रिय समावेशी आयोग	२४३	१३	०	२५६
१६	२२८	आदिवासी जनजाति आयोग	२५६	११	०	२६७
१७	२३०	मधेशी आयोग	२७१	६	०	२७७
१८	२३२	थारू आयोग	३३४	२२	०	३५६
१९	२३४	मुस्लिम आयोग	३१६	२२	०	३३८
२०	३०१	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	५००९३	५९२७	०	५६०२०
२१	३०५	अर्थ मन्त्रालय	२९१७३४	१०८३२८	०	४०००६२
२२	३०७	उद्योग, वाणिज्य तथा	४८४५४	३२९२६	०	८१३८०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१	२	३	४	५	६	७
क्र.सं.	अनुदान सङ्ख्या	शीर्षकको नाम	चालु खर्च	पुँजीगत	वित्तीय व्यवस्था	जम्मा
		आपूर्ति मन्त्रालय				
२३	३०८	उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय	३४७६६	२५०४१७	०	२८५१८३
२४	३११	कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय	७६७६	८०	०	७७५६
२५	३१२	कृषि तथा पशुपन्छी विकास मन्त्रालय	४६८३३३	३७५७८	०	५०५९११
२६	३१३	खानेपानी मन्त्रालय	१३०४७	१२१३८३	०	१३४४३०
२७	३१४	गृह मन्त्रालय	१८४२१५३	९३५२३	०	१९३५६७६
२८	३२५	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	२६४३५	२६७९१	०	५३२२६
२९	३२६	परराष्ट्र मन्त्रालय	५६०२३	४२३४	०	६०२५७
३०	३२९	वन तथा वातावरण मन्त्रालय	८७८२४	३३२८९	०	१२१११३
३१	३३६	भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय	५९७३४	११६३३	०	७१३६७
३२	३३७	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	७७९१४	१२३८०५४	०	१३१५९६८
३३	३४०	महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय	११९९०	३७७२	०	१५७६२
३४	३४३	युवा तथा खेलकूद मन्त्रालय	१३४९३	७२८०	०	२०७७३
३५	३४५	रक्षा मन्त्रालय	५३१७७४	५६६७२	०	५८८४४६
३६	३४७	शहरी विकास मन्त्रालय	४६८६२	४१८०५८	०	४६४९२०
३७	३५०	शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय	५१६६१४	५१६२६	०	५६८२४०
३८	३५८	सञ्चार तथा सूचना प्रविधि मन्त्रालय	६४०५१	२३०१६	०	८७०६७
३९	३६५	सङ्घीय मामिला तथा सामान्य प्रशासन	५४४५५	२३४४	०	५६७९९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१	२	३	४	५	६	७
क्र.सं.	अनुदान सङ्ख्या	शीर्षकको नाम	चालु खर्च	पुँजीगत	वित्तीय व्यवस्था	जम्मा
		मन्त्रालय				
४०	३७०	स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय	३९०५६२	१०७४९२	०	४९८०५४
४१	३७१	श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय	१९५९८	७९६	०	२०३९४
४२	३९१	राष्ट्रिय योजना आयोग	२२६०	७९	०	२३३९
४३	५०१	अर्थ मन्त्रालय-वित्तीय व्यवस्था	०	०	८२२७८७	८२२७८७
४४	६०१	अर्थ मन्त्रालय-कर्मचारी सुविधा तथा सेवानिवृत सुविधा	११३००००	०	०	११३००००
४५	६०२	अर्थ मन्त्रालय-विविध	४०६६३१	३५८९५०	०	७६५५८१
४६	७०१	प्रदेश	१०५०६६८	०	०	१०५०६६८
४७	८०१	स्थानीय तह	२९५०२०२	०	०	२९५०२०२
		जम्मा	१०३५९९३५	३०२०७४४	८२२७८७	१४२०३४६६

प्रमाणीकरण मितिः २०८०।०३।३१

आज्ञाले,

फणीन्द्र गौतम

नेपाल सरकारको निमित्त सचिव ।

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.१५।–
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।